नेपाल राष्ट्र बैंक
समाचार

वर्ष ४२ | अंक ३ | नेपाल राष्ट्र बैंक समाचार | मंसिर २०७४ | नोभेम्बर-डिसेम्बर २०१७

# गभर्नर डा. नेपालद्वारा Global Money Express (GME) कार्यालयको अवलोकन तथा अन्तरक्रियामा सहभागिता

नोभेम्बर ६, २०१७ मा गभर्नर डा. नेपालले GME Counter तथा मुख्यालयको अवलोकन गर्नुभयो र रेमिटान्स पठाउने प्रक्रिया बारे जानकारी लिनुभयो। सोही दिन गभर्नर डा. नेपाल सिओलस्थित नेपाली राजदुतावासले आयोजना गरेको अन्तरक्रिया तथा भेटघाट कार्यक्रममा सहभागी हुनुभई कार्यक्रममा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्नुभयो।



गभर्नर डा. नेपालले सो कार्यक्रममा नेपाल राष्ट्र बैंकले रेमिटान्स बैंकिङ प्रणालीबाट मात्र देशमा भित्रियोस् भन्ने चाहेको र नेपाली कामदारहरुको भलाइको लागि गम्भीर रहेको धारणा राख्नुभयो। रेमिटान्सको धेरै अंश आयातमा खर्चिनु परेकोले अर्थतन्त्र अपेक्षाकृत रुपमा चलायमान हुन नसकेको विचार व्यक्त गर्दै उहाँले रेमिटान्सको उत्पादनशील उपयोगमा जोड दिनुभयो। उहाँले रेमिटान्स वैधानिक बाटोबाट आप्रवाहित गर्न निजी क्षेत्रबाट धेरै योगदान मिलेको धारणा राख्दै रेमिटान्सको volume को आधारमा निजी क्षेत्रलाई थप सहुलियत प्रदान गर्न नेपाल राष्ट्र बैंकले नीतिगत रुपमा कार्य गर्दै जाने जानकारी पनि दिनुभयो।

त्यस्तैगरी, गभर्नर डा. नेपालले दक्ष भई नेपाली कामदार कोरिया आउँदा राम्रो हुने, इ.पि.एस.मार्फत आउने श्रमिकहरुले आर्जन गरेको पैसालाई अनिवार्य रुपमा बैंकिङ प्रणाली मार्फत नै स्वदेश पठाउनुपर्ने व्यवस्था गरिने र मौद्रिक नीतिमा कृषि पर्यटन आदि क्षेत्रमा लगानी आप्रवाहित गर्न व्याज अनुदान लगायतका व्यवस्थाहरु गरिएकोले विदेशबाट फर्किएका कामदारहरुले पर्यटन तथा कृषि क्षेत्रमा लगानी गरी आर्थिक लाभ लिनसक्ने विचार राख्नुभयो।

उक्त अन्तरक्रिया कार्यक्रममा महामहिम राजदुत अर्जुनबहादुर सिंहले श्रमिकहरुको हकहितको विषयमा राजदुतावाश सधै क्रियाशील रहेको र राष्ट्रको ढुकुटी बढाउनमा नेपाली श्रमिकहरुको योगदान अर्थपूर्ण रहको धारणा व्यक्त गर्नु भयो। उहाँले नेपाल सरकार, नेपाल राष्ट्र बैंकसँग सहकार्य गरी नीतिगत व्यवस्थाको लागि पृष्ठपोषण दिने र श्रमिकहरुको लगानी राष्ट्रको उत्पादनशील क्षेत्र तथा निर्माणमा उपयोगको लागि सहजकर्ताको भूमिका खेल्दै जाने धारणा राख्नु भयो। कार्यक्रममा ग्लोबल आईएमई बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका प्रथम उपाध्यक्ष चन्द्र ढकालले GME को आगामी योजनाहरु बारे जानकारी दिनु भएको थियो।

सो कार्यक्रममा वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक डा. वामदेब सिग्देल तथा गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डित पनि अतिथिको रुपमा कार्यक्रममा सहभागी हुनुहुन्थ्यो। साथै, लगानीकर्ता, एन्आरएन्, श्रमिकहरु, व्यापारीवृत्त, पत्रकार आदिको उपस्थिति थियो। कार्यक्रममा कोरियाबाट रेमिटान्स पठाउँदा प्राप्त गर्न सकिने सुविधाहरु, नेपालमा लगानी भित्र्याउने सम्बन्धमा नेपाल राष्ट्र बैंकको भूमिका, कोरियाली लगानीको लागि सरकार र नेपाल राष्ट्र बैंकका नीतिगत कार्यक्रमहरु आदि बारे जिज्ञासा राखिएको थियो।



# गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीवि नेपालले नेपालगञ्जमा कार्तिक ८ गते ज्योति विकास बैंक लिमिटेडले राप्तीभेरी विकास बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात्को एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।



उक्त अवसरमा गभर्नर डा. नेपालले विभिन्न अन्तर्राष्ट्रिय निकायहरुले लामो समयदेखि बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धि गर्नु उपयुक्त हुन्छ भन्ने धारणा व्यक्त गरिरहेको परिप्रेक्ष्यमा आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीति मार्फत् नेपाल राष्ट्र बैंकले लिएको पुँजी वृद्धिको नीतिले बैंक तथा वित्तीय संस्थाहरुलाई मजबुत बनाउनुका साथै ठूला परियोजनाहरुमा लगानी गर्न सक्षम समेत बनाएको बताउनु भयो ।

सो समारोहमा उहाँले वर्तमान युग प्रविधिको भएकोले यसतर्फ बैंक व्यवस्थापन चनाखो रही बैंकमा प्रविधि सम्बन्धी दक्ष र सक्षम व्यक्तिहरूलाई बैंकमा नियुक्त गरेमा भविष्यमा आइपर्ने जोखिम कम हुने कुरा राख्नुहुँदै बैंक व्यवस्थापनमा सञ्चालकहरू दक्ष र सक्षम व्यक्ति होउन् भन्ने उद्देश्यले सञ्चालकहरूको योग्यता सम्बन्धी नेपाल राष्ट्र बैंकले लिएको नीति कार्यान्वयनमा रहेको र यसबाट भविष्यमा बैंकको सञ्चालक समितिबाट सिर्जित जोखिममा न्यूनता आउने धारणा राख्नभयो ।

गभर्नर डा. नेपालले बैंकहरुले जनताको निक्षेपको सुरक्षा तथा व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी वहन गरेको हुनाले अन्य व्यापार-व्यवसाय जस्तै नाफामुखी मात्र भई सञ्चालन हुन नमिल्ने पनि सो समारोहमा उल्लेख गर्नुभयो । बैंकहरु जनताको निक्षेपको संरक्षकको रुपमा सञ्चालित हुनुपर्ने सुझाव दिनुहुँदै उहाँले पूर्वाधारहरूको विकास सँगसँगै ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको पहुँच तथा शाखा विस्तार कार्य सहज रूपमा अगाडि बढ्ने विचार राख्नुभयो ।

सो कार्यक्रममा स्थानीय क्षेत्रका प्रमुख जिल्ला अधिकारी, स्थानीय नियकाका प्रमुख, नेपाल प्रहरीका प्रमुख, स्थानीय व्यापारका प्रतिनिधि र पत्रकारहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# गभर्नर डा. नेपालद्वारा महोत्सव समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले २०७४ कात्तिक २९ गते रुपन्देहीको सैनामैना उद्योग वाणिज्य संघद्वारा आयोजित दोस्रो राष्ट्रिय कृषि, पर्यटन र औद्योगिक व्यापार महोत्सवको समुद्घाटन गर्नुभयो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुदै गभर्नर डा. नेपालले देश संघीय संरचनामा गइसकेको अवस्थामा आर्थिक क्षेत्रको विकास गर्न स्थानीय निकायको भूमिका महत्त्वपूर्ण हुने बताउनु भयो । स्थानीय क्षेत्रमा रहेका स्रोत र साधनको समुचित उपयोग गर्दै उत्पादन बढाउने र स्थानीय जनताहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले संविधानमा संघीय संरचना लागु गरिएको बताउनु भयो । उद्योग बाणिज्य संघले स्थानीय बस्तुहरुको व्यापार व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्ने धारणा राख्नु हुँदै गभर्नर डा. नेपालले त्यसबाट स्थानीयस्तरमा रोजगारी सिर्जना हुनुको साथै आफैमा आत्मनिर्भर हुन सक्ने बताउनु भयो । स्थानीय उत्पादनहरु नजिकका बजारहरुमा बिक्री बितरण गर्न सकेमा स्थानीय क्षेत्रको आर्थिक विकास छिटो हुने र सबै स्थानीय क्षेत्रहरुको विकासबाट देश समृद्ध हुने बताउनु भयो ।



अहिले पनि नेपालमा कृषिजन्य वस्तुहरुको आयातको परिमाण अत्यन्त उच्च रहेको बताउनु हुँदै गभर्नर डा. नेपालले कृषिजन्य वस्तुहरुको उत्पादनमा जोड दिई आयात कम गर्नुपर्ने बताउनु भयो । नेपाल राष्ट्र बैंकले पनि कृषि क्षेत्रको विकासको लागि सहुलियत दरमा कृषिमा पुनरकर्जा सुविधा उपलब्ध गराउने नीतिगत व्यवस्था गरेको बताउनु हुँदै गभर्नर डा. नेपालले यसबाट सबै कृषकहरुलाई सुलभ दरमा बैंकबाट ऋण लिई कृषि व्यवसाय गर्न आग्रह गर्नुभयो ।

त्यसैगरी, गभर्नर डा. नेपालले देशको ठूलो मात्रामा काम गर्ने युवा जनशक्ति विदेश पलायन भइरहेको चर्चा गर्नुहुँदै त्यस्तो युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न रोजगारीको सिर्जना गरेर आफ्नै देशमा काम गर्न सक्ने वातावरण बनाउनु पर्ने आवश्यकता रहेको बताउनु भयो । सडक, उद्योग, कलकारखाना, विद्युत, खानेपानी जस्ता आर्थिक पूर्वाधार निर्माण गर्दा योजना बनाएर व्यवस्थित रुपमा कार्य गरेमा सैनामैना नगरपालिकाले विकासको फड्को मार्ने पनि उहाँले सो औद्योगिक व्यापार मेलामा उल्लेख गर्नुभयो ।

# Payment Systems and Infrastructure Project विषयक कार्यशाला

नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागको समन्वय तथा UK Aid सक्षमको आयोजनामा कात्तिक ९ गते देखि ११ गतेसम्म काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा Payment Systems and Infrastructure Project विषयक कार्यशाला संचालन भयो ।



गभर्नर डा. चिरंजिवी नेपालले कात्तिक १० गते कार्यशालामा सहभागीहरुलाई विशेष सम्बोधन गर्नुभयो । उक्त विशेष सम्बोधनमा गभर्नर डा. नेपालले नेपालको वित्तीय क्षेत्रको विकासमा UK Aid सक्षमले खेलेको भूमिकाको सराहना गर्दै मुलुकको भुक्तानी तथा फछ्र्यौट कार्यलाई आधुनिकीकरण गरी अनलाइन प्रणालीमा लैजान नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नुभयो ।

सो तालिम कार्यक्रमको उद्घाटन डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले कात्तिक ९ गते एक समारोहका बीच गर्नुभएको थियो । उद्घाटनमा डेपुटी गभर्नर शिवाकोटीले UK Aid सक्षमसँगको सहकार्यमा मुलुकको ग्रामिण इलाकामा वित्तीय पहुँच बढाउन सफल भएको स्मरण गर्नुभएको थियो । उहाँले आगामी दिनमा नेपाल राष्ट्र बैंक र सक्षमको सहकार्यले नेपालमा RTGS, National Payment Switch आदिको स्थापना भई भुक्तानी प्रणालीको आधुनिकीकरण हुने विश्वास पनि व्यक्त गर्नुभएको थियो ।



सो कार्यक्रममा UK Aid सक्षमका टिम लिडर बलजित बोहराले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यशालाको प्रमुख स्रोत व्यक्तिको रुपमा Dr. Gordon Clarke रहनुभएको थियो ।

उक्त कार्यशालामा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. शंकरप्रसाद आचार्य, बैंक सुपरिवेक्षण विभागका निर्देशक मुकुन्दकुमार क्षेत्री, विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक नरेश शाक्य, भुक्तानी प्रणाली विभागका निर्देशकद्वय रेवतीप्रसाद नेपाल र रामबहादुर मानन्धर र वित्त कम्पनी सुपरिवेक्षण विभागका का. मु. निर्देशक इश्वरीप्रसाद न्यौपाने लगायत विदेशी विनिमय व्यवस्थापन विभाग, बैकिङ कार्यालय, बैंक तथा वित्तीय संस्था नियमन विभाग, राष्ट्र ऋण व्यवस्थापन विभाग, सूचना प्रविधि विभाग, अनुसन्धान विभाग, भुक्तानी प्रणाली विभाग र कानुन महाशाखाका गरी २५ जना अधिकृतहरुको सहभागिता रहेको थियो ।

## एकीकृत कारोबार

देव: विकास बैंक लिमिटेडले साझा विकास बैंक लिमिटेड र युनियन फाइनान्स लिमिटेडलाई सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरेकोले उक्त तीनवटै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार कात्तिक २३ गतेदेखि "देव: विकास बैंक लिमिटेड" को नामबाट सञ्चालन भएको छ ।

## नयाँ टेलिफोन सिस्टम जडान

नेपाल राष्ट्र बैंक, बालुवाटारमा नयाँ टेलिफोन सिस्टम जडान भएको छ । यसबाट बैंक भन्दा बाहिरबाट बैंकमा फोन गर्दा टेलिफोन अपरेटरको सहायता नलिइकन कुरा गर्न चाहेको व्यक्तिको एक्स्टेन्सन नम्बर सोझै डायल गर्न मिल्ने भएको छ । साथै उक्त सिस्टमसँगै बैंकमा हण्टिङ्ग लाइन (नं. ४४२१२००) को थप व्यवस्था पनि गरिएको छ ।

## सहायक निर्देशक (अधिकृत तृतीय) पदको नतिजा प्रकाशित

नेपाल राष्ट्र बैंकमा रिक्त रहेको प्रशासन सेवा तर्फको सहायक निर्देशक (अधिकृत तृतिय) पद संख्या १० पूर्ति गर्ने सन्दर्भमा लिइएको खुला प्रतियोगितात्मक परीक्षा र अन्तवार्तामा पोष्टराज निरौला, सुजन पोखरेल, निकी महर्जन, ज्ञानेन्द्र सुवाल, एरिका कोइराला र डिना खड्का सफल भई नियुक्तिको लागि छनौट हुनुभएको छ ।

यसैगरी, अनिल लामा, रमिन श्रेष्ठ, राहुल कनोजिया र यमबहादुर शाह पनि सो परीक्षा तथा अन्तर्वार्तामा सफल भई नियुक्तिको लागि छनौट हुनुभएको छ ।

नियुक्तिको लागि छनौट हुनुभएका सबैलाई समाचारको बधाई छ ।

# सूचना प्रविधि सम्बन्धी जोखिम तथा निराकरणका उपायहरू विषयक अन्तरक्रिया कार्यक्रम




बैंक तथा वित्तीय संस्थाको कारोबारमा सूचना प्रविधि सम्बन्धी जोखिम तथा न्यूनीकरणका उपायहरु विषयक एकदिने अन्तरक्रिया कार्यक्रम कार्तिक ३० गते गभर्नर डा. चिरञ्जीबि नेपालको प्रमुख आतिथ्यतामा काठमाडौंमा सम्पन्न भयो।

उक्त कार्यक्रममा गभर्नर डा. नेपालले उद्घाटन मन्तव्य दिनुहुँदै बैंक तथा वित्तीय संस्थाहरुले सूचना प्रविधिको सुरक्षार्थ थप लगानी गर्नुपर्ने तथा यसको निमित्त दक्ष जनशक्तिको उपयोगमा ध्यान दिनुपर्ने बताउनु भयो। उहाँले सूचना प्रविधि अत्यावश्यक भएको र यसको अभावमा बैंकिङ कारोबार असम्भव जस्तै भएको भन्दै सूचना प्रविधि क्षेत्रले प्राथमिकता पाउनु पर्ने धारणा राख्नुभयो। बैंक तथा वित्तीय संस्थाहरुले आगामी दिनमा सूचना प्रविधि क्षेत्रमा सिर्जना हुनसक्ने जोखिम प्रति सजग रही अग्रगामी कदम उठाउनु पर्ने तथा उनीहरुबीच सहकार्य समेत हुनुपर्ने कुरामा उहाँले जोड दिनुभयो।

उक्त कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी तथा सञ्चालक रामजी रेग्मीको पनि उपस्थिति थियो। डेपुटी गभर्नर शिवाकोटीले Panel discussion सेसनको अध्यक्षता गर्नुभएको थियो। सूचना प्रविधिसँग सम्बन्धित विविध पक्षहरूको चर्चा गर्दै डेपुटी गभर्नर शिवाकोटीले समापन मन्तव्य दिनुभएको थियो।

बैंक तथा वित्तीय संस्थाहरुको एटिएमबाट पैसा चोरी हुने तथा swift वाट अनधिकृतरुपमा रकमको रकमान्तर हुने जस्ता घटनाहरु बढ्न थालेपछि त्यस्ता घटनाहरुबाट हुनसक्ने नोक्सानीको न्यूनीकरण गर्ने तथा त्यस विषयमा सचेतना विस्तार गर्दै सूचना प्रविधिको सुरक्षित प्रयोग तर्फ बैंक तथा वित्तीय संस्थाहरुलाई अग्रसर गराउने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको उक्त कार्यक्रममा २८ वटा वाणिज्य बैंकका सञ्चालक समितिका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत तथा सूचना प्रविधि विभागका प्रमुखको सहभागिता रहेको थियो। कार्यक्रमको सुरुमा बैंक सुपरिवेक्षण विभागका निर्देशक ऋषिकेश भट्टले कार्यक्रमको उदेश्यमाथि प्रकाश पार्नुको साथै स्वागत मन्तब्य दिनुभएको थियो।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ तथा सूचना प्रविधि विभागका उपनिर्देशक कृष्णराम धुँजुले IT Risk Inherent in bank and its management विषयमा कार्यपत्रको प्रस्तुति दिँदै सूचना प्रविधि जोखिमका स्रोतहरु तथा यसको समाधानको लागि ध्यान दिनुपर्ने विषयहरुको बारेमा व्याख्या गर्नुभएको थियो। भारतको इन्स्टिच्युट अफ इन्टरनल अडिटका पूर्व अध्यक्ष एवम् सी.ए. अनिल भण्डारीले IT Risk and Information Security and Internatioanl Scenario विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचना प्रविधि सम्बन्धी जोखिमका नयाँ नयाँ आयामहरु तथा न्यूनीकरण गर्न बैंकहरु अग्रसर हुनुपर्नेमा जोड दिनुभएको थियो। त्यस्तै, नेपाल बैंकर्स एसोसिएसनको तर्फवाट स्ट्याण्डर्ड चार्टर्ड बैंकका Information security officer सुजित श्रेष्ठले cyber security विषयमा कार्यपत्र प्रस्तुत गर्दै cyber security alliance बनाई सुचना प्रविधि सम्बन्धी जोखिम कम गर्न सकिने बताउनु भएको थियो।

## ज्ञान आदानप्रदान कार्यक्रम

गभर्नरको कार्यालयको आयोजनामा कात्तिक २१ गते का. मु. गभर्नर चिन्तामणि शिवाकोटीको उपस्थितिमा बालुवाटारमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भयो। सो कार्यक्रममा बंगलादेशका Transport Economists Mr. Mohammad A A Sardar ले Ways and Means to Save and Retain Huge Foreign Exchange Researves and Create Jobs for Educated Youths By using Service Sector विषयमा प्रस्तुति दिनुभयो। सो कार्यक्रममा बैंकका कार्यकारी निर्देशकहरु तथा निर्देशकहरु लगायत IPSSL Group, Bangladesh का President Dato Dr. M. Haider Uzzaman र Intermodel Transport Development Board का लक्ष्मणबहादुर बस्नेतको समेत उपस्थिति रहेको थियो। कार्यक्रमको अन्त्यमा का. मु. गभर्नर शिवाकोटीले प्रस्तुतिका लागि Transport Economists Mr. Sardar लाई धन्यवाद दिँदै मायाको चिनो प्रदान गर्नुभएको थियो।



# गभर्नर डा. नेपाल र बङ्गलादेशका पूर्व गभर्नर डा. रहमानबीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपाल र बङ्गलादेशका पूर्व गभर्नर डा. रहमानबीच कात्तिक २८ गते नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालयमा भेटवार्ता भयो ।

आर्थिक तथा वित्तीय मुद्दाहरु समेटिएको सो भेटवार्तामा वित्तीय क्षेत्रको सुरक्षा र विषेश गरी स्विफ्ट ह्याक र यसबाट वित्तीय क्षेत्रमा उत्पन्न हुने जोखिमको कसरी निराकरण गर्न सकिन्छ भन्ने बारे छलफल भयो ।



उक्त भेटवार्तापछि डा. रहमानले गभर्नर डा. नेपाल र डेपुटी गभर्नर शिवराज श्रेष्ठ लगायत नेपाल राष्ट्र बैंकका उच्च तहका पदाधिकारीहरुमाझ "Developmental Role of Financial Sector" विषयमा प्रस्तुति दिनुभयो । केन्द्रीय बैंकहरुको भूमिका मुद्रास्फीति नियन्त्रणमा मात्र सीमित नभई सन्तुलित विकासमा समेत रहन्छ भन्ने विचारमा आधारित रहेको उक्त प्रस्तुतिमा डा. रहमानले बङ्गलादेशमा केन्द्रीय बैंकले ग्रामीण अर्थतन्त्रको विकास र वित्तीय समावेशीकरणको लागि चालेका विभिन्न कदमहरु बारे व्याख्या गर्नुभयो । यस अन्तर्गत विभिन्न प्रकारका कृषि पुनरकर्जा, शाखारहित बैंकिङ, मोबाइल बैंकिङ, वाणिज्य बैंकहरु मार्फत लघुवित्तको क्षेत्रमा थोक कर्जा, बैंकहरुको सामाजिक उत्तरदायित्व अन्तर्गत जेहेन्दार गरिब छात्रछात्राहरुलाई छात्रवृत्ति आदि विषयहरुमा डा. रहमानले आफ्नो कार्यकालमा लिइएका विभिन्न नीतिगत प्रयासहरुबारे प्रकाश पार्नुभयो ।

अन्तरक्रियात्मक रहेको उक्त कार्यक्रममा डा. रहमान र नेपाल राष्ट्र बैंकका तर्फबाट विभिन्न पदाधिकारीहरुबीच कृषि कर्जा, बङ्गलादेशको विदेशी विनिमय सञ्चिति, केन्द्रीय बैंकको स्वायत्तता र हरित अर्थतन्त्रमा केन्द्रीय बैंकको भूमिका लगायतका विषयहरुमा छलफल भयो ।

कार्यक्रमको अन्त्यमा बोल्नुहुँदै गभर्नर डा. नेपालले डा. रहमानलाई उहाँको उत्कृष्ट प्रस्तुतिको लागि धन्यवाद दिनुभयो । मूल्य नियन्त्रण केन्द्रीय बैंकको मुख्य दायित्व भए तापनि सरकारको बजेट र आर्थिक वृद्धिको लक्ष्यलाई सघाउने जिम्मेवारी समेत केन्द्रीय बैंकले पाएको हुनाले संसारभरि नै केन्द्रीय बैंकले ल्याउने मौद्रिक नीतिले विशेष महत्व र चासो पाउने कुरा गभर्नर डा. नेपालले राख्नुभयो । उहाँले ग्रामीण अर्थतन्त्रको विकास र वित्तीय समावेशीकरणका क्षेत्रहरुमा बङ्गलादेशका सफल प्रयासहरुबाट नेपालले शिक्षा लिनुपर्ने कुरामा जोड दिनुभयो ।

# अन्तर्राष्ट्रिय मुद्राकोषका Deputy Managing Director नेपालमा

नेपालको चार दिने भ्रमणका लागि अन्तर्राष्ट्रिय मुद्राकोषका Deputy Managing Director (DMD) Mr. Tao Zhang कात्तिक १७ गते काठमाडौं आइपुग्नु भयो । सोही दिन गभर्नर डा. चिरंजीबि नेपाल र DMD Mr. Zhang बीच नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय, बालुवाटारमा भेटवार्ता भयो ।



भेटका क्रममा गभर्नर डा. नेपाल र DMD Mr. Zhang बीच नेपालको वर्तमान आर्थिक स्थिति, अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य तथा मुद्राकोषले नेपाललाई पुर्‍याएको सहयोग लगायतका विषयमा छलफल भयो । सो क्रममा गभर्नर डा. नेपालले अन्तर्राष्ट्रिय मुद्राकोषले नेपाललाई पुर्‍याएको सहयोग प्रति धन्यवाद व्यक्त गर्नुका साथै आगामी दिनमा समेत नेपालको आर्थिक तथा वित्तीय क्षेत्रको सुदृढीकरणमा मुद्राकोषको सहयोग अपरिहार्य हुने बताउनु भयो ।

१७ गते DMD Mr. Zhang ले नेपालको आर्थिक स्थिति तथा अर्थतन्त्रका चुनौतीहरुका सम्बन्धमा नेपाल राष्ट्र बैंकमा प्रस्तुति दिनुभयो । सोही दिन साँझ नेपाल राष्ट्र बैंकले उहाँको सम्मानमा आयोजना गरेको रात्रिभोजमा सरिक हुनुभयो । चार दिने नेपाल भ्रमणका क्रममा उहाँले अर्थमन्त्री, योजना आयोगका उपाध्यक्ष, अर्थ मन्त्रालयका उच्च पदाधिकारीहरु र निजी क्षेत्रका प्रतिनिधिहरु लगायतसँग भेटवार्ता गर्नुभयो ।

DMD Mr. Zhang चार दिने भ्रमण सकेर कात्तिक २० गते स्वदेश फर्कनु भयो । भ्रमणमा उहाँका साथ उहाँका सल्लाहकार Mr. Alan Steven Barnett पनि सहभागी हुनुहुन्थ्यो ।

# गभर्नर डा. नेपाल Inclusive and Sustainable Economic Growth for the Asia-Pacific Region विषयक Conference मा सहभागी भई स्वदेश फिर्ता

गभर्नर डा. चिरंजीबि नेपाल IMF's Regional Office for Asia and the Pacific (OAP) स्थापना भएको २०औं वर्ष पूरा भएको उपलक्ष्यमा सन् 2017 नोभेम्बर 8 (२०७४ कात्तिक २२) मा International Monetary Fund/Japan's Ministry of Finance ले जापानको टोकियोमा संयुक्त रुपमा आयोजना गरेको Inclusive and Sustainable Economic Growth for the Asia-Pacific Region विषयक Conference मा सहभागी हुनुभयो ।




Conference को पहिलो सत्रमा अन्तर्राष्ट्रिय मुद्रा कोषका म्यानेजिङ डाइरेक्टर Christine Lagarde, जापानका Vice Minister of Finance for International Affairs, Masatsugu Asakawa ले Keynote Address दिनु भएको थियो । Conference को दोस्रो सत्रमा गभर्नर डा. नेपाल प्यानलिष्टको भूमिकामा सहभागी हुनुभयो । उक्त सत्रमा गभर्नर डा. नेपालले नेपालको वर्तमान आर्थिक तथा वित्तीय स्थिति, नेपाली अर्थतन्त्रको अवसर तथा चुनौतीहरु, समावेशी र दिगो आर्थिक विकास तथा पूर्वाधार विकासका लागि नेपालले अपनाएका उपायहरुका साथै अन्तर्राष्ट्रिय मुद्रा कोष र जापानले नेपालको विकासमा पु¥याएको र पु¥याउन सक्ने योगदान बारे प्रकाश पार्नुभयो ।

सोही सत्रमा उठेका प्रश्नहरुलाई गभर्नर डा. नेपालले सम्बोधन गर्नुभएको थियो । सो सत्रमा गभर्नर डा. नेपालका अतिरिक्त ४ जना विभिन्न देशका मन्त्री तथा अर्थशास्त्रीहरु प्यानलिस्टको रुपमा सहभागी हुनुहुन्थ्यो ।

त्यसैगरी गभर्नर डा. नेपाल सोही दिन साँझ OAP को २०औं वार्षिकोत्सवको अवसरमा आयोजित रिसेप्सन डिनरमा सहभागी हुनुभयो । सो अवसरमा म्यानेजिङ डाइरेक्टर Christine Lagarde, जापानका उपप्रधान तथा अर्थमन्त्री र बैंक अफ जापानका गभर्नरले संबोधन गरेका थिए । सोही अवसरमा गभर्नर डा. नेपाल र म्यानेजिङ डाइरेक्टर ChristineLagarde बीच भेटवार्ता भयो । सो अवसरमा नेपाल र मुद्रा कोषको सम्बन्ध बारे वार्ता भएको थियो ।



नोभेम्बर ८ देखि ९ सम्म संचालन भएको सो कार्यक्रममा भाग लिई गभर्नर डा. नेपाल 2017 नोभेम्बर 10 (२०७४ कात्तिक २४) का दिन स्वदेश फर्किनु भयो । गभर्नर डा. नेपालका साथ गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डित पनि उक्त कार्यक्रमहरुमा सहभागी हुनुहुन्थ्यो ।

## बालुवाटारमा जनशक्ति विकास सम्बन्धी कार्यक्रम

नेपाल राष्ट्र बैंकको जनशक्ति विकासमा सहयोग पु¥याउने उद्देश्यले कात्तिक २३ गते नेपाल राष्ट्र बैंक, बालुवाटारमा का. मु. गभर्नर चिन्तामणि शिवाकोटीको उपस्थितिमा एक कार्यक्रमको आयोजना भयो । उक्त कार्यक्रममा अमेरिकाको Massachusetts स्थित Williams College, Center For Economic Development का प्रतिनिधि Director Mr. Thomos S Powers ले जनशक्ति विकासमा सहयोग पु¥याउने सामग्री समेटिएको प्रस्तुति दिनुभयो । Master's Degree गर्न ईच्छुक अधिकृतस्तरका कर्मचारी लक्षित सो कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा र जनशक्ति व्यवस्थापन विभागका का. मु. कार्यकारी निर्देशक गोपाल भट्ट लगायत बैंकका सबै विभागका अधिकृत प्रतितिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा का. मु. गभर्नर शिवाकोटीले Director Mr.. Powers लाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# मौद्रिक नीति सम्बन्धी तालिम

नेपाल राष्ट्र बैंकको आयोजनामा काठमाडौंमा South East Asian Central Banks (SEACEN) र अन्तर्राष्ट्रिय मुद्रा कोषको South Asia Regional Training and Technical Assistance Center (SARTTAC) को मौद्रिक नीतिसँग सम्बन्धित Monetary Policy Strategies & Monetary Operations विषयक तालिम कार्यक्रम सम्पन्न भयो ।




कात्तिक १२ देखि कात्तिक १७ सम्म सञ्चालन भएको उक्त ६ दिने तालिम कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले स्वागत मन्तव्य राख्नुभएको थियो । मन्तव्यमा उहाँले सन् २००७ को Global Financial Crisis (GFC) पश्चात् पारम्परिक मौद्रिक नीतिको पर्याप्ततामा प्रश्न उठेको र वित्तीय स्थायित्वको लागि मौद्रिक निकायहरुले प्रभावकारी मौद्रिक रणनीति तथा औजारहरुको प्रयोग गर्नुपर्ने कुरा राख्नुभएको थियो । SEACEN/SARTTAC ले नेपाल राष्ट्र बैंकको आयोजनामा सञ्चालन गर्न लागेको मौद्रिक नीतिसँग सम्बन्धित तालिम कार्यक्रमको विषयवस्तु मौद्रिक निकायहरुको लागि सान्दर्भिक एवम् उपयोगी भएको र case study मा आधारित कार्यक्रमको सञ्चालन विधि व्यवहारिक एवम् प्रभावकारी भएको कुरा समेत उल्लेख गर्नुभएको थियो । कार्यक्रममा उपस्थित विज्ञ तथा SEACEN का नेपाल बाहेक अन्य ९ वटा सदस्य राष्ट्रका सहभागीहरुलाई नेपालमा स्वागत गर्दै डेपुटी गभर्नर शिवाकोटीले नेपालको प्राकृतिक तथा सांस्कृतिक सुन्दरता तथा विविधताबाट मनोरञ्जन लिन समेत अनुरोध गर्नुभएको थियो ।

तालिम कार्यक्रमको औपचारिक समारोहमा नेपाल राष्ट्र बैंकको अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा, SEACEN Center का Executive Director Dr. Hans Genberg, SARTTAC का Monetary & Foreign Exchange Operation Advisor Mr. Bernard J. Laurens / Deputy Director Mr. Mangal Goswami उपस्थित हुनुहुन्थ्यो ।

कार्यक्रमको समापनमा SARTTAC का निर्देशक Sukhwinder Singh ले मन्तव्य दिनुका साथै सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो भने नेपाल राष्ट्र बैंकको तर्फबाट अनुसन्धान विभागका निर्देशक डा. गुणाकर भट्टले उपहार प्रदान गर्नुका साथै धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# ग्लोबल मनि एक्सप्रेस कम्पनी सञ्चालनमा

नोभेम्बर ५, २०१७ मा दक्षिण कोरियाको राजधानी सिओलमा महामहिम राजदुत अर्जुनबहादुर सिंहको मुख्य आतिथ्यता र नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक डा. वामदेब सिग्देलको आतिथ्यतामा कोरियामा कार्यरत नेपाली श्रमिकहरुले कमाएको रकम नेपालमा रेमिट गर्ने/गराउने उद्देश्यले स्थापना भएको GME को उद्घाटन भयो ।

उक्त कार्यक्रममा मुख्य अतिथि महामहिम राजदुत सिंहले कोरियामा कार्यरत श्रमिकहरुले पठाएको पैसा बैंकिङ प्रणाली मार्फत् स्वदेश भित्र्याउने सम्बन्धमा आफूले परामर्श, चिन्तन र छलफल गर्दै आएको सन्दर्भमा GME को स्थापना र संचालन अर्थपूर्ण रहेको धारणा राख्नुभयो । उहाँले कोरियाली सरकार र नेपाल सरकारको सौहार्द्र सम्बन्धको कारण GME संस्था स्थापना भएको उल्लेख गर्दै श्रमिकहरुले पठाएको पैसा स्वदेशमा औपचारिक तरिकाबाट भित्रिने विश्वास व्यक्त गर्नुभयो ।

सो कार्यक्रममा कार्यकारी निर्देशक डा. सिग्देलले नेपाल राष्ट्र बैंक सधैं Pro-Active रहेको तथा देशमा आप्रवाहित हुने रेमिटान्सलाई वैधानिक बाटोबाट आप्रवाह गर्न र यसको उत्पादनशील उपयोगको लागि नेपाल सरकार तथा निजी क्षेत्रसँग मिलेर कार्य गर्दै आइरहेको बताउनु भयो ।

उक्त कार्यक्रममा GME का कार्यकारी प्रमुख Sung Jong Hwa ले कोरियामा करिब ३५ हजार नेपाली कामदारहरु रहेको कुरा अवगत गराउँदै २ वटा GME Counter कोरियाको सिओलमा स्थापना भएको र थप १८ वटा काउन्टरहरु कोरियाका प्रमुख शहरहरुमा नेपाली कामदारहरुलाई सहज हुने गरी विस्तार गरिने जानकारी दिनु भएको थियो । छुट्टीको दिन पनि ती काउन्टरहरु खोलिने र कोरियामा कार्यरत नेपाली कामदारहरुले स्वदेशमा आफ्ना घरपरिवारलाई ईच्छाइएको बैंकबाट पैसा पाउने गरी पैसा पठाउन मिल्ने व्यवस्था मिलाइएको पनि उहाँले उल्लेख गर्नु भएको थियो ।

सोही कार्यक्रममा कोरियास्थित एनआरएनका अध्यक्ष विनोद कुँवरले कोरियामा रहेका नेपालीहरुले कमाएको पैसा GME जस्ता औपचारिक संस्थाबाट पठाउन सजिलो हुन जाने धारणा राख्नुभयो । कोरिया नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष किरण शाखले निजी क्षेत्रको भूमिका अर्थतन्त्रमा अहम् रहने तथा निजी क्षेत्रलाई नै विभिन्न देशमा Money Transfer लगायतका कार्यमा सरिक गराउने नीति वास्तविकतामा दिगो हुने धारणा व्यक्त गर्नुभयो । ग्लोवल आइएमई बैंकका अध्यक्ष तथा उद्योग वाणिज्य महासंघका प्रथम उपाध्यक्ष चन्द्र ढकालले नेपालमा रेमिटेन्सको आप्रवाह र आर्थिक वृद्धिको तथ्याङ्क प्रस्तुत गर्दै GME को स्थापनाले नेपालमा कोरियाबाट रेमिटान्स फर्मल च्यानलबाट आप्रवाहित हुँदै जाने र यसले देशको भुक्तानी सन्तुलनमा समेत टेवा दिँदै आर्थिक विकासमा इट्टा थप्दै जाने धारणा व्यक्त गर्नुभएको थियो ।

# जनकपुर र चन्द्रनिगाहपुरमा मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम

अनुसन्धान विभाग, मूल्य महाशाखाले धनुषा जिल्लाको जनकपुर बजारकेन्द्रमा कात्तिक २७ गते र रौतहट जिल्लाको चन्द्रनिगाहपुर बजारकेन्द्रमा कात्तिक २९ गते मूल्य तथ्याङ्क




प्रदायक स्रोत पसल तथा संघ/संस्थाहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्‍यो ।

यसमध्ये जनकपुर बजारकेन्द्रको कार्यक्रम जनकपुर कार्यालयका निर्देशक रामप्रसाद गौतमको सभापतित्व एवम् अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा निर्देशक डा. श्रेष्ठले मूल्य तथ्याङ्कसँग सम्बन्धित विविध पक्षहरूकाबारे संक्षिप्त वार्ता प्रस्तुत गर्नुका साथै कार्यक्रमका सहभागीहरूबाट उठाइएका जिज्ञासाहरूलाई समेत सम्बोधन गर्नु भएको थियो । निर्देशक गौतमले मन्तव्य सहित कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथि एवम् सहभागीहरूलाई धन्यवाद दिई कार्यक्रम समापन गर्नुभएको थियो ।

कार्यक्रममा जनकपुर उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, सरस्वती नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक सत्यनारायण मण्डल तथा जनकपुर बजारकेन्द्रका स्रोत पसलधनीहरूको उपस्थिति रहेको थियो ।

त्यसैगरी, रौतहट जिल्लाको चन्द्रनिगाहपुर बजारकेन्द्रमा सञ्चालित अन्तरक्रिया कार्यक्रम अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले सभापतित्व एवम् चन्द्रपुर नगर उद्योग वाणिज्य संघको महासचिव सुनिलकुमार साहको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो ।






उक्त कार्यक्रममा निर्देशक डा. श्रेष्ठले मूल्य तथ्याङ्कसँग जोडिएका विविध पक्षहरूका बारेमा मन्तव्य प्रस्तुत गर्नुका साथै कार्यक्रममा उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा चन्द्रपुर नगर उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, जनज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक शंकर भट्टराई तथा चन्द्रनिगाहपुर बजारकेन्द्रका स्रोत पसलधनीहरूको उपस्थिति रहेको थियो ।

उपर्युक्त दुवै कार्यक्रममा नेपाल राष्ट्र बैंकले मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, तथ्याङ्क संकलनका विधिहरू, मूल्य तथ्याङ्कको उपयोग एवम् उपयोगिता लगायत मूल्य तथ्याङ्क सम्बन्धी अन्य विषयहरूमा केन्द्रित भई उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । दुवै स्थानमा आयोजित कार्यक्रमको सञ्चालन सहायक निर्देशक डा. गणेशप्रसाद गौतमले गर्नुभएको थियो ।

प्रस्तुत कार्यक्रमहरुमा अतिथिको रूपमा सम्बोधन गर्नु हुने जनकपुर उद्योग वाणिज्य संघका कोषाध्यक्ष जितेन्द्र महासेठ र चन्द्रपुर नगर उद्योग वाणिज्य संघका महासचिव सुनिककुमार साहले मन्तव्यको क्रममा नेपाल राष्ट्र बैंकले संकलन गर्दै आएको मूल्य तथ्याङ्कले मुलुकको समग्र मुद्रास्फीतिको मापन हुने र मूल्यको प्रभावबाट अर्थतन्त्रलाई जोगाउन बैंकले गर्दै आएको कार्यको प्रशंसा गर्नुका साथै सम्पूर्ण व्यवसायीहरूलाई बैंकले मागेको समयमा बिना हिच्किचावट यथार्थ तथ्याङ्क दिन समेत अनुरोध गर्नुभएको थियो ।

## नेपालगञ्जमा Web Based Reporting सम्बन्धी अनुशिक्षण

बैंक तथा वित्तीय संस्था नियमन विभागले नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयमा कार्तिक २४ गते मध्य पश्चिम तथा सुदुर पश्चिम विकास क्षेत्रका ख, ग र घ वर्गका वित्तीय संस्थाका NRB Reporting cell मा कार्यरत कर्मचारीहरु सहभागी गराई Web based Reporting सम्बन्धी अनुशिक्षण सम्पन्न गऱ्यो ।




नेपाल राष्ट्र बैंकका प्रवक्ता एवम् बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलको समुपस्थितिमा सम्पन्न उक्त अनुशिक्षणमा निर्देशक बमवहादुर मिश्रले कार्यक्रमको औचित्य माथि प्रकाश पार्दै परिमार्जित Web based Reporting System लागु गर्ने सन्दर्भमा सम्बन्धित Reporting Cell मा कार्यरत कर्मचारीहरुको भूमिका महत्त्वपूर्ण हुने हुँदा नियमन विभागको निरन्तर सम्पर्कमा रही Data Entry व्यवस्था सम्बन्धमा प्रष्ट हुन आग्रह गर्नुभएको थियो । सहायक निर्देशक टेकनाथ पोखरेल र सूचना प्रविधि विभागका विनोद बजगाईंले तथ्यांक सम्प्रेषण सम्बन्धी विद्यमान Reporting व्यवस्थामा गरिएको परिमार्जनका सम्बन्धमा सैद्धान्तिक तथा व्यवहारिक प्रस्तुति दिनु भएको थियो ।

अनुशिक्षणको दोस्रो सत्रमा विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक नरेन्द्रसिंह विष्टले Web based CRR and Daily Liquidity Reporting विषयमा वार्ता प्रस्तुत गर्नु भएको थियो । सहभागीहरुले Upgraded Reporting System का सम्बन्धमा राखेका विविध जिज्ञासाका बारेमा उपनिर्देशक विष्ट र सहायक निर्देशक पोखरेलले प्रष्ट पार्नु भएको थियो । कार्यक्रममा सहभागीहरुका तर्फवाट साइन रेसुङ्गा डेभलपमेण्ट बैंकका भुवनप्रसाद पन्थले मन्तव्य राख्दै कार्यक्रम निकै फलदायी भएको भन्दै नयाँ Reporting System लागु गर्ने सन्दर्भमा केही व्यावहारिक सुझाव दिनु भएको थियो ।

उक्त अनुशिक्षण कार्यक्रम उपनिर्देशक केशवप्रसाद तिमिल्सिनाले सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा उक्त क्षेत्रमा अवस्थित २१ वटा वित्तीय संस्थाका ३५ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## वित्तीय कारोबारमा देखिएका चुनौती तथा समाधानका उपायहरू सम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक धनगढी कार्यालयको आयोजनामा महेन्द्रनगरमा कात्तिक १७ गते एक दिने "वित्तीय कारोबारमा देखिएका विद्यमान चुनौती तथा समाधानका उपायहरु" सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।




धनगढी कार्यालयका निर्देशक धनन्जय शर्माको सभापतित्व एवम् प्रमुख आतिथ्यमा आयोजित सो कार्यक्रममा उहाँले समसामयिक आर्थिक तथा बैंकिङ गतिविधिका साथै कार्यक्रमको उद्देश्य एवम् बैंक तथा वित्तीय संस्थाहरुले त्यस क्षेत्रको विकासका लागि खेल्नुपर्ने भुमिकाका सम्बन्धमा मन्तव्य व्यक्त गर्नुभएको थियो । उपनिर्देशक दीर्घबहादुर रावलले वित्तीय कारोबारका उद्देश्य र आवश्यकता माथि प्रकाश पार्दै प्रदेश नं. ७ मा विद्यमान चुनौती तथा समाधानका उपायहरु लगायत समसामयिक बैंकिङ तथा आर्थिक गतिविधि सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । अन्तरक्रियाको क्रममा सहभागीहरुले उठाएका जिज्ञासाहरुलाई पनि उहाँहरुले सम्बोधन गर्नुभएको थियो ।

सहभागीहरुका तर्फबाट कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बिरुराम जैसीले मन्तव्य प्रस्तुत गर्दै सचेतना बढाउने कार्यक्रमहरु निरन्तर रुपले सञ्चालन गरिदिन अनुरोध गर्नुभएको थियो । जिल्लाका बैंक तथा वित्तीय संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुको उपस्थिति रहेको उक्त कार्यक्रम सहायक निर्देशक प्रेम चन्द ठकुरीले सञ्चालन गर्नुभएको थियो ।



# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

**(आर्थिक वर्ष २०७४/७५ को तीन महिनाको तथ्याङ्कमा आधारित)**

## मुद्रास्फीति

वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३.१ प्रतिशत कायम भएको छ। खाद्य मुद्रास्फीति ०.५ प्रतिशत रहेको छ। गैरखाद्य मुद्रास्फीति ५.२ प्रतिशत रहेको छ। उपभोक्ता मुद्रास्फीति हिमालमा ५.१ प्रतिशत, तराईमा ३.६ प्रतिशत, पहाडमा ३.० प्रतिशत र काठमाडौं उपत्यकामा २.३ प्रतिशत रहेको छ। वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर १.६ प्रतिशत रहेको छ। थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क १ प्रतिशत, स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ४.२ प्रतिशत र आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क १.२ प्रतिशतले वृद्धि भएको छ।

## वैदेशिक व्यापार

कुल वस्तु निर्यात रु. २० अर्ब ४३ करोड पुगेको छ। भारततर्फ ३.२ प्रतिशत, चीनतर्फ २७.७ प्रतिशत र अन्य मुलुकतर्फ १३.१ प्रतिशतले निर्यात बढेको छ। कुल वस्तु आयात रु. २५७ अर्ब ८७ करोड पुगेको छ। भारतबाट भएको आयात १७.७ प्रतिशत, चीनबाट भएको आयात ९.५ प्रतिशत र अन्य मुलुकबाट भएको आयात १९.५ प्रतिशतले बढेको छ। कुल वस्तु व्यापार घाटा रु. २३७ अर्ब ४४ करोड पुगेको छ। निर्यात-आयात अनुपात ७.९ प्रतिशतमा रहेको छ।

## सेवा/विप्रेषण आप्रवाह

कुल सेवा आय ५.४ प्रतिशत र कुल सेवा खर्च १५.४ प्रतिशतले बढेको कारण खुद सेवा आय घाटा रु. ६ अर्ब २० करोड पुगेको छ। सेवा खाता अर्न्तगत पर्यटन आय २७.४ प्रतिशतले वृद्धि भई रु. १४ अर्ब ८६ करोड पुगेको छ। विप्रेषण आप्रवाह रु. १७६ अर्ब ३२ करोड पुगेको छ। खुद ट्रान्सफर आय रु. २०३ अर्ब ४८ करोड पुगेको छ। श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या २.६ प्रतिशतले घटेको छ।

## चालू खाता एवम् शोधनान्तर स्थिति

चालू खाता रु. २१ अर्ब ९४ करोडले घाटामा रहेको छ। समग्र शोधनान्तर रु. ४ अर्ब २७ करोडले बचतमा छ। पुँजीगत ट्रान्सफर रु. ४ अर्ब ९६ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ६ अर्ब ७ करोड रहेको छ।

## विदेशी विनिमय सञ्चिति र पर्याप्तता

कुल विदेशी विनिमय सञ्चिति रु. १०९९ अर्ब ८२ करोड पुगेको छ। यसमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु. ९४७ अर्ब १४ करोड छ। बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु. १५२ अर्ब ६८ करोड छ। कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२.१ प्रतिशत छ।

आर्थिक वर्ष २०७४/७५ को पहिलो तीन महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १३ महिनाको वस्तु आयात र ११.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमश: ४२.३ प्रतिशत, ९३ प्रतिशत र ४०.७ प्रतिशत रहेका छन्।

## सरकारी बजेट/खर्च/राजस्व/नगद मौज्दात

नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ११ अर्ब ६३ करोडले बचतमा रहेको छ। नगद प्रवाहमा आधारित कुल सरकारी खर्च रु. १३८ अर्ब ८४ करोड पुगेको छ। चालू खर्च रु. १२६ अर्ब ३५ करोड पुगेको छ। पूँजीगत खर्च ५९.६ प्रतिशतले बढेर रु. ११ अर्ब ६४ करोड भएको छ। नेपाल सरकारको कुल राजस्व सङ्कलन रु. १३९ अर्ब ६५ करोड पुगेको छ। स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले सरकारी ढुकुटीमा रु. २४६ अर्ब ४ करोड नगद मौज्दात कायम रहेको छ।

## मुद्राप्रदाय

विस्तृत मुद्राप्रदाय ४.२ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय १४.२ प्रतिशतले बढेको छ। खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ४ अर्ब २७ करोड (०.४ प्रतिशत) ले बढेको छ। सञ्चित मुद्रा ६ प्रतिशतले घटेको छ। वार्षिक बिन्दुगत आधारमा २०७४ असोज मसान्तमा सञ्चित मुद्रा १३.२ प्रतिशतले बढेको छ।

## कुल आन्तरिक कर्जा

कुल आन्तरिक कर्जा १.७ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा यस्तो कर्जा २०.९ प्रतिशतले बढेको छ। मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ४.८ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १८.५ प्रतिशतले बढेको छ।

## निक्षेप संकलन र कर्जा प्रवाह

बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ३.८ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १४ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ति, बचत र मुद्दतीको अंश क्रमश: ८.३ प्रतिशत, ३६.१ प्रतिशत र ४२.५ प्रतिशत रहेको छ।

बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ४.६ प्रतिशतले बढेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ४.२ प्रतिशत, विकास बैंकहरुको ८.३ प्रतिशत र वित्त कम्पनीहरुको १.९ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १८.७ प्रतिशतले बढेको छ।

बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६१.० प्रतिशत कर्जा घर जग्गाको धितोमा र १४.५ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ।

बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित ट्रष्ट रिसिट (आयात) कर्जा २५.५ प्रतिशत (रु.१६ अर्ब ४४ करोड) ले बढी रु. ८० अर्ब ९७ करोड कायम भएको छ। बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित हायर पर्चेज कर्जा १.७ प्रतिशतले तथा ओभरड्राफ्ट कर्जा २.९ प्रतिशतले बढेको छ। रु. १ करोड ५० लाखसम्मको व्यक्तिगत आवासीय कर्जा ६.७ प्रतिशतले तथा रियल स्टेट कर्जा ०.८ प्रतिशतले बढेको छ।

## तरलता व्यवस्थापन

नेपाल राष्ट्र बैंकले रु. ११५ अर्ब ४० करोड तरलता प्रशोचन गरेको छ। निक्षेप बोलकबोलमार्फत् रु. ४० अर्ब ६५ करोड तथा रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु.

बाँकी ११ पेजमा

# निर्देशक पौडेलद्वारा बैंकको शाखा उद्घाटन

रुपन्देहीको मणिग्राममा स्थापित गरिमा विकास बैंकको ४९ औं शाखा कार्यालयको नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालयका निर्देशक अशोककुमार पौडेलले एक समारोह बीच कार्तिक १३ गते उद्घाटन गर्नुभयो ।



सो समारोहमा प्रमुख अतिथिको रुपमा मन्तव्य राख्दै निर्देशक पौडेलले स्थानीयस्तरमा बचतको रुपमा संकलन भएको रकम स्थानीयस्तरमा नै लगानी गरी स्थानीय व्यवसायलाई प्रवर्द्धन गर्नुपर्ने धारणा राख्नुभयो । बैंक तथा वित्तीय संस्थाहरुले विद्यमान व्यवसायीहरुलाई सहयोग गर्दै थप उद्यमशीलताको विकासमा सघाउनु पर्नेमा जोड दिँदै उहाँले गुणस्तरीय बैंकिङ सेवा सुविधा प्रदान गर्न र बैंकिङ सेवा नपुगेका समुदायसम्म पुगेर बैंकिङ सेवा दिन आग्रह गर्नुभयो ।

गरिमा विकास बैंकका अध्यक्ष चन्द्रकान्त बरालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा तिलोत्तमा ब्यापार संघका अध्यक्ष झबिन्द्रप्रसाद कँडेल, स्थानीय लक्ष्मण ज्ञवाली लगायतले शुभकामना मन्तव्य र बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले स्वागत मन्तव्य दिनुभएको थियो ।

# आर्थिक तथा बैंकिङ तथ्याङ्क संकलन सम्बन्धी गोष्ठी

नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयले ताप्लेजुङ्ग जिल्लाको फुङलिङ बजारमा कार्तिक १६ गते आर्थिक तथा बैंकिङ तथ्याङ्क संकलन सम्बन्धी गोष्ठी सम्पन्न गरेको छ ।

विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यको सभापतित्व तथा स्थानीय पाथिभरा क्याम्पसका प्रमुख मोहनकुमार राईको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा त्यस क्षेत्रका विभिन्न सरकारी कार्यालयका प्रमुख तथा बैंक, सहकारी, उद्योग वाणिज्य संघ आदिका प्रतिनिधिहरुका साथै व्यापारी, कृषक, प्राध्यापक र पत्रकारहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।



कार्यक्रममा विराटनगर कार्यालयका सहायक निर्देशकद्वय राजेश घिमिरे र सुनिल कोइरालाले आर्थिक तथा बैंकिङ तथ्याङ्क संकलन सम्बन्धमा आर्थिक तथा बैंकिङ तथ्याङ्कको महत्व र उपादेयता सम्बन्धमा प्रकाश पार्दै तथ्याङ्क संकलनमा देखिएका समस्या र सुझाव प्रस्तुत गर्नुभएको थियो भने सहभागीहरुले उठाउनु भएका जिज्ञासाहरुलाई विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले सम्बोधन गर्नुभएको थियो । प्रधान सहायक सुनिल अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रमलाई विराटनगर कार्यालयका सहायक रामकृष्ण राईले सञ्चालन गर्नुभएको थियो ।

१० पेजको बाँकी

### देशको वर्तमान...

७४ अर्ब ७५ करोड तरलता प्रशोचन भएको छ । विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ९४ करोड ७५ लाख खुद खरिद गरी रु. ८९ अर्ब ८० करोड खुद तरलता प्रवाह भएको छ । अमेरिकी डलर ९० करोड र युरो ४ करोड बिक्री गरी रु. ९७ अर्ब ४९ करोड बराबरको भा.रु. खरिद भएको छ ।

### पुनरकर्जा

साधारण पुनरकर्जा रु. ७ अर्ब ६१ करोड ५५ लाख र निर्यात पुनरकर्जा रु. ६७ करोड २४ लाख गरी कुल रु. ८ अर्ब २८ करोड ७९ लाख पुनरकर्जा लगानीमा रहेको छ । भूकम्प पीडितहरूलाई बढीमा २ प्रतिशतसम्मको ब्याजदरमा आवासीय घर निर्माण कर्जा प्रदान गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत रु. ९६ करोड २६ लाख पुनरकर्जा उपयोगमा रहेको छ । नेपाल सरकारबाट ५ प्रतिशत ब्याज अनुदानमा प्रवाह गरिने कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा ५९२७ जनाले उपयोग गरेका छन् । यस अन्तर्गत रु. ६ अर्ब २३ करोड ३२ लाख कर्जा बक्यौता रहेको छ भने रु. २३ करोड ९१ लाख ब्याज अनुदान प्रदान गरिएको छ ।

### अन्तरबैंक कारोबार/ब्याजदर

वाणिज्य बैंकहरूले रु. २०२ अर्ब ४० करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु.७ अर्ब ८ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर १.१८ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर १.१३ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर १०.०८ प्रतिशत कायम हुन आएको छ ।

# डेपुटी गभर्नरद्वय अन्तर्राष्ट्रिय कार्यक्रममा



डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी Bank of Thiland ले Thiland मा November 12 देखि 14 सम्म आयोजना गरेको Asia Forum on Reserve Management विषयक कार्यक्रममा सहभागी हुनुभयो । विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक इश्वरीप्रसाद भट्टराई पनि सो कार्यक्रममा सहभागी हुनुहन्थ्यो ।



डेपुटी गर्भनर शिवराज श्रेष्ठ FATF-GAFILAT ले Argentina मा October 29 देखि November 3 सम्म आयोजना गरेको Plenary & Working Group Meeting र IMF-SARTTAC ले India मा November 17 मा आयोजना गरेको SARTTAC Steering Comitee Meeting मा सहभागी हुनुभयो । Argentina को Meeting मा वित्तीय जानकारी एकाइका निर्देशक रामु पौडेल र India को Meeting मा अनुसन्धान विभागका निर्देशक प्रदिपराज पौड्याल पनि सहभागी हुनुहन्थ्यो

# अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागिता

संस्थागत योजना विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगाना NEPSE ले USA मा November 13 देखि 17 सम्म आयोजना गरेको 22th Annual International Institute for Securities inforcement & Market Oversight विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक तेजबहादुर रानामगर, भुक्तानी प्रणाली विभागका निर्देशक रामबहादुर मानन्धर र उपनिर्देशक केदारप्रसाद आचार्य तथा जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशक धनबहादुर श्रेष्ठ Bank of Korea मा November 14 देखि 17 सम्म आयोजना गरेको Payment & Settlement विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका निर्देशक पिताम्बर भण्डारी SEACEN ले Malaysia मा November 13 देखि 14 सम्म आयोजना गरेको SEACEN Research Seminar on Macroprudential Policies मा सहभागी हुनुभयो ।

जनशक्ति व्यवस्थापन विभागका उपनिर्देशक राजेन्द्र भट्टराई र वित्तीय जानकारी एकाइका सहायक निर्देशक रचना पराजुली Asia Pacific Group ले Korea मा November 13 देखि 16 सम्म आयोजना गरेको 2017 APG Typologies Workshop मा सहभागी हुनुभयो ।

बिकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक कमल आचार्य र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक स्वरुप श्रेष्ठ IMF–STI ले Singapore मा October 30 देखि November 3 सम्म आयोजना गरेको Macro- Stress Testing II विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

जनकपुर कार्यालयका उपनिर्देशक प्रल्हाद गिरी Deutsche Bundesbank ले Germany मा November 6 देखि 8 सम्म आयोजना गरेको Financial Consumer Protection विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

पोखरा कार्यालयका सहायक निर्देशकहरु रामकुमार कार्की र टीकाराम आचार्य, विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक नवराज तिवारी र बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक रबिन्द्रप्रसाद सापकोटा CICTAB ले India मा November 1 देखि 4 सम्म आयोजना गरेको Agricultural and Rural Development through Cooperative Bussiness Models विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशकहरु टेकबहादुर श्रेष्ठ, अभियान उपाध्याय र पुण्यप्रसाद बराल तथा पोखरा कार्यालयका सहायक निर्देशक रितुनाथ लम्साल China Bank Note ले China मा November 6 देखि 9 सम्म आयोजना गरेको Exposure Visit मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक मेदनीप्रसाद पोखरेल IMF-STI ले Singapore मा November 20 देखि December 1 सम्म आयोजना गरेको Monetary & Fiscal Policy analysis with DSGE Models विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

प्रकाशक
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

सम्पादक
शम्भुनाथ ढुङ्गाना

सम्पादन सहयोगी
सुरेश पन्त
समिता श्रेष्ठ
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-४२६७५१८, ४२६८११६